# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ भक्तपुर, श्रावण १० गते, २०७५ साल संख्या १

**भाग १**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेश्रो नगर सभा २०७५ बाट पारित भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०७५ सालको ऐन**

## भक्तपुर नगरपालिकाको सहकारी (प्रथम संशोधन) ऐन, २०७५

भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाले देहाय बमोजिम संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र परिभाषा : (१) यो ऐनको नाम "भक्तपुर नगरपालिकाको सहकारी (प्रथम संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ (यसपछि मूल ऐन भनिएको छ) को दफा ३२ ख मा रहेको "दफा ३४ उपदफा १" भन्ने वाक्यांशको सट्टा "दफा ३३ उपदफा १" भन्ने वाक्यांश राखिएको छ ।

३. मूल ऐनको दफा ३८ उपदफा ७ मा रहेको "शेयर पूँजीकोषको दश गुणासम्म" भन्ने वाक्यांशको सट्टा "प्राथमिक पूँजीकोषको १५ गुणासम्म" भन्ने वाक्यांश राखिएको छ ।

४. मूल ऐनको दफा ४८ उपदफा ३ मा रहेको "२० प्रतिशत" भन्ने शव्दहरुको सट्टा "१८ प्रतिशत" भन्ने शब्दहरु राखिएको छ ।

५. मूल ऐनको दफा ४८ उपदफा ४ मा रहेको "जगेडा कोषमा जम्मा भएको रकमको ५० प्रतिशत रकम बोनस शेयरको रुपमा सदस्यलाई वितरण गर्न सकिनेछ" भन्ने वाक्यको सट्टा "जगेडा कोषमा जम्मा भएको रकमबाट बचत तथा ऋण कारोवार गर्ने सहकारीको हकमा ५० प्रतिशतसम्म र अन्य

सहकारीको हकमा ८० प्रतिशतसम्म सहकारी संस्थाहरुको संयुक्त लगानीमा स्थापना हुने उद्योग व्यवसायमा लगानी गर्न सकिनेछ” भन्ने वाक्य राखिएको छ ।

६. मूल ऐनको दफा ४८ उपदफा ५ मा रहेको “जगेडा कोषको १० प्रतिशत रकम भक्तपुर नगरपालिकामा सुरक्षण कोषको रुपमा जम्मा गर्नु पर्नेछ” भन्ने वाक्यको सट्टा “जगेडा कोषको १० प्रतिशत बराबरको रकम भक्तपुर नगरपालिकामा सुरक्षण कोषको रुपमा जम्मा गर्नु पर्नेछ । सुरक्षण कोषको उपयोग र संचालन तोकिए बमोजिम हुनेछ” भन्ने वाक्यहरु राखिएको छ ।

७. मूल ऐनको दफा ५३ उपदफा १ पछि देहायबमोजिम थप गरिएको छ ।

१(क). दफा १ बमोजिम नियुक्ति भएको लेखा परीक्षकको सम्बन्धमा एक महिनाभित्र सम्बन्धित सहकारी संस्थाले नगरपालिकामा जानकारी पठाई नगरपालिकाबाट स्वीकृति लिई मात्र लेखा परीक्षण गराउनु पर्नेछ । सो अवधिभित्र जानकारी नपठाएमा रु. २,०००।- अक्षरेपी दुई हजार विलम्ब शुल्क लिई स्वीकृति प्रदान गर्नेछ ।

८. मूल ऐनको दफा ६९ उपदफा १ मा रहेको “दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै बखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न गराउन सक्नेछ” भन्ने वाक्यको अगाडि “भक्तपुर नगरपालिकाले गठन गरेको सहकारी अनुगमन समितिले तथा” भन्ने वाक्यांश थप गरिएको छ ।

**आज्ञाले**
**(रोहित राज पोखरेल)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७५।४।१० गते**

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**